# राष्ट्रिय महिला आयोग
## National Women Commission
भद्रकाली प्लाजा, काठमाडौं

Phone: +977-4256701
Fax: +977-1-4259411
E-mail: info@nwc.gov.np
http://www.nwc.gov.np


प. सं.:-
च.नं.:-

मिति: २०८१/६/२१

# सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय महिला आयोगको १७ औं वार्षिक प्रतिवेदनको सार संक्षेप प्रस्तुति

**सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यू,**
**सम्माननीय राष्ट्रपतिज्यूको विज्ञ सल्लाहकारज्यूहरू,**
**राष्ट्रिय महिला आयोगका माननीय सदस्यज्यूहरू,**
**राष्ट्रपति कार्यालयका सचिवज्यू, सहसचिवज्यूहरू लगायत सम्पूर्ण कर्मचारी परिवार,**
**राष्ट्रिय महिला आयोगका सचिवज्यू लगायत सम्पूर्ण कर्मचारी साथीहरू,**

**सम्माननीय राष्ट्रपतिज्यू ,**

म नेपालको संविधानको धारा २९४ बमोजिम एवम् राष्ट्रिय महिला आयोग ऐन, २०७४ को दफा २६ बमोजिम आर्थिक वर्ष २०८०/८१ मा आयोगबाट सम्पादित मुख्य-मुख्य कार्यहरूलाई समेटेर तयार गरिएको यो वार्षिक प्रगति प्रतिवेदनको सारांश प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

प्रस्तुत प्रतिवेदन ११ वटा परिच्छेदमा तयार गरिएको छ । आयोगको तेस्रो ५ वर्षे रणनीतिक योजना (आर्थिक वर्ष २०७८/७९-२०८२/८३) को कार्यान्वयन गरी परिमाणात्मक लक्ष्यहरू हासिल गर्नु पर्ने योजना अनुरुप वार्षिक कार्यक्रमहरू प्रस्तावित गर्दै स्वीकृत कार्यक्रमहरूलाई यथासम्भव पूर्ण कार्यान्वयन गर्ने प्रयास गरिएको छ ।

**सोही अनुसार,**

महिला हक, हित र अधिकारसम्बन्धी नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू कार्यान्वयनको अवस्थाबारे अध्ययन तथा देशभित्रका निकायहरूबाट महिला अधिकारका सवालहरूको सम्बोधन भए नभएको वा कानूनले तोके बमोजिम कार्यान्वयन भए नभएको बारेमा अनुगमन, अध्ययन-अनुसन्धान, छलफल र अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा विभिन्न सरोकारवाला निकायहरूमा नीतिगत

सिफारिस गरिंदै आएको छ र विगतमा भएका सिफारिसहरूको कार्यान्वयन अवस्थाको समेत अनुगमन गरी यस प्रतिवेदनमा समावेश गरिएको छ ।

आर्थिक २०८०।०८१ मा केन्द्रीयस्तर देखि सातै प्रदेश, ४० जिल्ला र १७६ स्थानीय तहहरूमा आफ्ना स्वीकृत कार्यक्रमहरू कार्यान्वयन तथा अनुगमनको क्रममा आयोगको उपस्थिति भएको छ । यस आर्थिक वर्षमा आयोगबाट सम्पन्न भएका ६८ वटा कार्यक्रमहरू र अनुगमनको क्रममा करीब १०,००० व्यक्तिहरू प्रत्यक्ष लाभान्वित भएका छन् ।

**त्यसैगरी,** आयोगको मुख्य दायित्व अनुरुप यस आ.व. २०८०।०८१ मा स्थानीय सरकारको निर्णय प्रक्रियामा -

- महिला उपप्रमुखको प्रभावः सहभागिता र चुनौतीहरू सम्बन्धी अध्ययन,
- वैदेशिक रोजगारीमा संलग्न महिलाहरूको अवस्था, चुनौती र जोखिम पक्षसम्बन्धी अध्ययन
- जबरजस्ती करणी र यौनजन्य दुर्व्यवहारको वर्तमान अवस्था, त्यसका कारण र असरहरूबारे अध्ययन गरी सरकारले गर्नुपर्ने लैङ्गिक नीतिहरू तथा कार्यक्रम तर्जुमाका लागि तथ्यमा आधारित पृष्ठपोषणको आधार तय गरेको छ ।

आयोगले संविधान प्रदत्त काम कर्तव्य र अधिकार बमोजिम भए गरेक विधिहरू आयोगबाट प्रवाह भइरहेको सेवा तथा देशमा विद्यमान महिलाको अवस्था सबै नागरिकलाई सुसूचित गराउने उद्देश्यले नेपाल टेलिभिजनसंगको सहकार्यमा पाक्षिक रुपमा " **नेपालमा महिला** " कार्यक्रम र पाक्षिक रुपमा नै रेडियो नेपालसँगको सहकार्यमा **"महिला आवाज"** कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

महिला भित्रका विविधताको पहिचान र सम्बोधन गर्दै फरक फरक उमेर, वर्ग र समुदायका -

- अपाङ्गता भएका महिला, ज्येष्ठ नागरिक महिला, एकल महिला, बालिका तथा किशोरी र लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरू लैङ्गिक हिंसाको उच्च जोखिममा रहने हुँदा यस्ता समुदायका महिलाका सवालहरू सम्बोधन गर्न सरकारले विशेष व्यवस्था गर्नु पर्ने हुँदा नीतिगत सिफारिसको लागि पृष्ठपोषण लिने उद्देश्यले सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावको आधारमा नीतिगत सिफारिस गरिएको छ ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

आयोगले महिलाको न्यायमा पहुँचका लागि महिला हिंसाका जघन्य घटनाको तत्काल अनुगमन गरी घटनाको छानबिन र अनुसन्धान गर्न सम्बन्धित निकायलाई ध्यानाकर्षण

गराउने र हिंसा पीडित महिलालाई न्याय दिलाउने कार्यलाई राष्ट्रिय महिला आयोगले विशेष महत्व दिएको छ ।

**सोही अनुसार,**

- आयोगबाट हिंसा पीडित महिलाको न्यायमा पहुँचका लागि गरिएको उजुरी तथा मुद्दा व्यवस्थापन अन्तर्गत यस आर्थिक वर्ष २०८०/०८१ मा आयोगमा लैङ्गिक हिंसा सम्बन्धी ९३२ वटा नयाँ उजुरीहरू प्राप्त भएका छन् भने अघिल्ला आर्थिक वर्षका फलोअप २२०० जनाले आयोगमा प्रत्यक्ष उपस्थित भई सेवा लिइरहेका गरी जम्मा ३१३२ जना हिंसा पीडित महिलालाई विभिन्न किसिमका सेवा प्रदान गरिएको छ ।
- आयोगको "खबर गरौं ११४५" निःशुल्क हेल्पलाइन मार्फत देशभरबाट हिंसा पीडित महिलाले आफू उपर हिंसा भएको जानकारी गराउने वित्तिकै प्रतिकार्य गर्ने गरी सेवा प्रवाहको व्यवस्था मिलाएको छ । जस अनुसार यस आर्थिक वर्षमा १२२२ नयाँ उजुरी तथा जानकारी टेलिफोन र २८७७ फलोअप टेलिफोन गरी जम्मा ४०९९ जना सेवाग्राही लाभान्वित भएका छन् ।
- लैङ्गिक हिंसाका घटनाको मौजुदा तथ्याङ्क हेर्दा घरेलु हिंसाको हिस्सा उच्च रहेको सन्दर्भमा यसको निराकरणका लागि स्थानीय तहको सक्रियता आवश्यक हुने भएकोले लैङ्गिक हिंसा निवारण र महिला सशक्तीकरणका लागि आफ्ना प्रयासहरू प्रभावकारी बनाउने उद्देश्यलाई विशेष प्राथमिकतामा राख्दै आयोगबाट लैङ्गिक हिंसा निवारणका लागि सचेतना र उत्प्रेरणा कार्यक्रम देशका विभिन्न जिल्ला र स्थानीय तहहरूमा सम्पन्न गरिएको छ ।
- प्रविधिबाट हुने लैङ्गिक हिंसा, घरेलु तथा यौनजन्य हिंसा, जबरजस्ती करणीका घटना बढ्दै गएको अवस्था रहेकोले यसको रोकथामका लागि प्रभावकारी रणनीति तय गरी अगाडि बढ्ने लक्ष्य लिएको छ ।
- कार्यस्थलमा हुने महिला माथिको हिंसा निवारणका लागि आयोगले सरकारी, सार्वजनिक तथा निजी संघसंस्थाका प्रतिनिधिहरूसँग छलफल गर्दै कार्यस्थलमा महिला हिंसाका घटना घटन नदिने गरी नीतिगत तथा कार्यगत व्यवस्था गर्न सबै निकायहरूलाई सजग गराउने कार्य गरेको छ ।
- हिंसा पीडित महिलालाई तत्काल उद्धार गरी सुरक्षा सहित न्यायमा पहुँच पुर्याउन थप प्रयासको आवश्यकता देखिएको हुँदा सबै जिल्लामा कम्तीमा एक-एकवटा व्यवस्थित मापदण्ड अनुरुप अल्पकालीन सुरक्षित आवासगृह र प्रत्येक प्रदेशमा पनि एक-एकवटा दीर्घकालीन आवासगृह सरकारी दायित्वबाटै सञ्चालन गर्नुपर्ने आवश्यकता देखिएको छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

**समग्रमा**

महिला अधिकार, सशक्तीकरण र लैङ्गिक हिंसा अन्त्यका लागि तीनवटै तहका सरकारका नीति, योजना तथा कार्यक्रमहरू लैङ्गिकमैत्री बनाउन लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अवलम्बन गर्नु पर्ने भएकोले सबै तहका सरकारी निकायले यो प्रणालीलाई बजेट तर्जुमा र कार्यान्वयनमा अनिवार्य गर्न नीतिगत सिफारिस गरिएको छ ।

राजनीतिक, आर्थिक, प्रशासनिक र अन्य सेवा क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता बढाई नीतिगत पहुँच स्थापित गर्न सरकार, राजनीतिक दल र सबै सरोकारवाला पक्षहरूले संवेदनशील र जवाफदेही हुनुपर्ने आवश्यकता छ ।

अतः आयोगको भूमिकालाई सशक्त र प्रभावकारी बनाउन आयोगको आफ्नै पीडितमैत्री कार्यालय भवनको व्यवस्था गर्नुपर्ने आयोगको संगठन, संरचना र दरबन्दी पुनरावलोकन गर्नुपर्ने र सातै प्रदेशका ७५३ स्थानीय तहसम्म आयोगको पहुँच वृद्धि गर्न संविधानमा व्यवस्था भए अनुरुप प्रदेशस्तरमा कार्यालय खोल्ने र जिल्ला सम्पर्क संयन्त्र तयार गर्ने कार्य आयोगको प्राथमिकतामा रहेको छ ।

आयोगले संविधान र राष्ट्रिय महिला आयोग ऐन, २०७४ मार्फत प्रदत्त काम, कर्तव्य र अधिकारको कार्यान्वयनलाई थप प्रभावकारी बनाउन सबै सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्यलाई प्राथमिकतामा राखेको छ।

**अन्त्यमा,**

आज सम्माननीय राष्ट्रपतिज्यू समक्ष राष्ट्रिय महिला आयोगले आर्थिक वर्ष २०८०/०८१ मा गरेका गतिविधिहरू सहितको वार्षिक प्रतिवेदन पेश गर्नको लागि यो महत्त्वपूर्ण अवसर प्रदान गराईदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यू तथा राष्ट्रपतिको कार्यालयप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

कमलाकुमारी पराजुली
अध्यक्ष
राष्ट्रिय महिला आयोग